# आर्थिक वर्ष २०८२/०८३ को काठमाडौं महानगरपालिकाको वार्षिक प्रगति

# प्रतिवेदन

काठमाडौं महानगरपालिका राजधानी सहरमा रहेका पहिलो महानगरपालिका हो । महानगरपालिकाले संविधान र कानुनको अधिनमा रहेर प्रत्यक वर्ष बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने गर्दछ । आर्थिक वर्ष २०८२/०८३ का लागि महानगरपालिकाले नगर सभाबाट बजेट, योजना तथा कार्यक्रम पारित गरी सार्वजनिक गरेको हो । कानुनत स्थानीय तहको नगर सभाको बैठक असार र पौष महिनामा गरी वर्षको २ पटक बस्ने र बजेट पारित गर्ने यसको अधिकार भएकोले असारको नगर सभाले स्वीकृत गरेको बजेट योजना तथा कार्यक्रम पौषमा बस्ने नगर सभाबाट संशोधन गर्न सकिने व्यवस्था रहेको छ । महानगरपालिकाले पनि यी प्रावधानहरुलाई अभ्यासमा ल्याएको छ ।

आर्थिक वर्ष २०८२/०८३ का लागि सञ्चित कोषमा व्यय भार पर्ने रु २५ अर्ब ११ करोड ४३ लाख ४१ हजार र बाह्य व्ययभार हुने रु ६५ करोडसहित कूल बजेट रु २५ अर्ब ७६ करोड ४३ लाख ४१ हजार विनियोजन गरेको छ । चालु आर्थिक वर्षमा आर्थिक विकासको क्षेत्रमा ६८ करोड ७४ लाख ५४ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा ६७ करोड ६३ लाख ४ हजार, कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ३ अर्ब १२ करोड ४२ लाख १४ हजार रुपैयाँ बजेट विनियोजन भएकोमा ३ अर्ब १२ करोड ३७ लाख १४ हजार रुपैयाँ पूर्वाधारको क्षेत्रमा १२ अर्ब १० करोड ८१ लाख ६० हजार रुपैयाँ विनियोजन भएकोमा १२ अर्ब ९, करोड ४५ लाख ६० हजार रुपैयाँ, सामाजिक विकासको क्षेत्रमा ५ अर्ब ८२ करोड ३३ लाख ४१ हजार रुपैयाँ विनियोजन भएकोमा ५ अर्ब ८० करोड ४१ हजार रुपैयाँ, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ३ अर्ब ३७ करोड ११ लाख ७२ हजार रुपैयाँ विनियोजन भएकोमा ३ अर्ब ४१ करोड ९७ लाख २२ हजार रुपैयाँ कायम हुने गरी पौष महिनामा बसेको नगर सभाबाट संशोधन भएको छ ।

# आर्थिक वर्ष २०८२/०८३ मा विनियोजित बजेट

| क्र सं | क्षेत्र | विनियोजित बजेट | विनियोजित बजेट प्रतिशत | संशोधित बजेट |
|---|---|---|---|---|
| १ | आर्थिक विकासको क्षेत्र | ६८ करोड ७४ लाख ५४ हजार रुपैयाँ | ३ | ६७ करोड ६३ लाख ४ हजार |
| २ | कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र | ३ अर्ब १२ करोड ४२ लाख १४ हजार रुपैयाँ | १४ | ३ अर्ब १२ करोड ३७ लाख १४ हजार रुपैयाँ |
| ३ | पूर्वाधारको क्षेत्र | १२ अर्ब १० करोड ८१ लाख ६० हजार रुपैयाँ | ५१ | १२ अर्ब ९ करोड ४५ लाख ६० हजार रुपैयाँ |
| ४ | सामाजिक विकासको क्षेत्र | ५ अर्ब ८२ करोड ३३ लाख ४१ हजार रुपैयाँ | २० | ५ अर्ब ८० करोड ४१ हजार रुपैयाँ, |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३ अर्ब ३७ करोड ११ लाख ७२ हजार रुपैयाँ | १२ | ३ अर्ब ४१ करोड ९७ लाख २२ हजार रुपैयाँ |
| | | कूल रकम | | सञ्चित कोषमा व्यय भार पर्ने रु २५ अर्ब ११ करोड ४३ लाख ४१ हजार |
| | | | | बाह्य व्ययभार हुने रु ६५ करोडसहित कूल बजेट रु २५ अर्ब ७६ करोड ४३ लाख ४१ हजार |

नेपालको संविधानले स्थानीय तहलाई बजेट तर्जुमा योजना निर्माण र कार्यान्वयनको अधिकार प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र राष्ट्रिय योजना आयोगबाट जारी स्थानीय तह योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७९ मा बजेट तथा योजना तर्जुमा खर्च प्रगति समीक्षा लगायत लक्ष्यको विश्लेषण र सुधारात्मक योजना लगायतका विषयहरुलाई उल्लेख गरिएको छ । यिनै कानुनी व्यवस्था बमोजिम महानगरपालिकाले बजेट खर्च प्रगति समीक्षा गर्ने कार्यलाई निरन्तरता दिँदै आएको छ ।

काठमाडौं महानगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को लागि कूल बजेट रु २५ अर्ब ७६ करोड ४३ लाख ४१ हजार विनियोजन भएकोमा सम्वत् २०८२ असार मसान्तसम्म अर्थात आर्थिक वर्ष २०८२/०८३ को बार्षिक वित्तीय प्रगति ५८.५५ प्रतिशत हासिल भएको देखिन्छ । महानगरपालिकामा पाँचवटा विषयगत क्षेत्र अन्तर्गतका नीति तथा कार्यनीतिमा आधारित भई बजेट, योजना तथा कार्यक्रमलाई कार्यान्वयनमा ल्याइएको हो । जसमा आर्थिक विकास क्षेत्रमा ३०.९४, कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा ९०.८८, पूर्वाधार क्षेत्रमा ५९.९५, सामाजिक विकास क्षेत्रमा ५५.८ र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ३१.४३ प्रतिशत खर्च भएको देखिन्छ ।

<u>**आर्थिक वर्ष २०८२/०८३ मा बजेटको क्षेत्रगत विभाजन र खर्च प्रतिशत**</u>

| **क सं** | **क्षेत्र** | **असार मसान्तसम्मको खर्च प्रतिशत** | **कैफियत** |
|---|---|---|---|
| १ | आर्थिक विकास | ३०.९४ | |
| २ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९०.८८ | |
| ३ | पूर्वाधार | ५९.९५ | |
| ४ | सामाजिक विकास | ५५.८ | |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित | ३१.४३ | |

काठमाडौं महानगरपालिका अन्तर्गत बजेट खर्च र योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने विभिन्न प्रशासनिक एकाइहरु र ३२ वटा वडा कार्यालयहरु रहेका छन् । यस एकीकृत वार्षिक प्रगति प्रतिवेदनमा वडा र केन्द्रीय प्रशासनिक एकाइहरुको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन अवस्थाको चित्रण गरिएको छ ।वडाहरुको लागि ठूला वडाहरु १५ वटा १७ करोड ५४ लाख ८२ हजार मझौला वडा ११ वटा १२ करोड ९८ लाख २२ हजार र साना वडा ६ वटा ८ करोड ४२ लाख ०७ हजार गरी ४ अर्ब ५६ करोड ५५ लाख १४ हजार विनियोजन भएकोमा ६३.९१ वित्तीय प्रगति भएको छ । केन्द्रीय प्रशासनिक एकाइहरुको औसत खर्च प्रतिशत ३८.३४ रहेको छ ।

काठमाडौं महानगरपालिकाका सबै प्रशासनिक एकाइहरूलाई आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति प्रतिवेदन/ विवरण पेस गर्न अनुरोध गरिएकोमा प्राप्त भएका प्रतिवेदन तथा विवरणहरूलाई संगठित, सम्पादित र ढाँचाबद्ध गरी योजना, अनुगमन तथा मूल्यांकन एकाइबाट यो एकीकृत वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको हो । वार्षिक प्रगति प्रतिवेदनमा आर्थिक वर्ष २०८२/०८३ मा प्रशासनिक एकाइहरुको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रमा समावेश भएका र बजेट तथा कार्यक्रममा समावेश नभएका तर प्रशासनिक एकाइहरुले सम्पादन गरेका गैरबजेटरी कार्यक्रमहरुलाई समेत समावेश गरिएको छ ।

सारांशमा, प्रगति प्रतिवेदन नीति, बजेट तथा कार्यक्रमलाई व्यवहारमा रुपान्तरण गरिएको अवस्था देखिने तथा देखाइएको प्रशासनिक दस्तावेज हो । यो पुस्तिका काठमाडौं महानगरपालिकाका लागि नीतिगत लक्ष्यलाई व्यवहारमा बदलिएको मूल्यांकन गर्ने आधार पनि हो ।काठमाडौं महानगरपालिकाले आर्थिक वर्ष २०८२ ८३ का लागि नगर सभाबाट स्वीकृत नीति, वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत रहि विभागीय कार्यक्रमहरूको कार्यान्वयनमा थप प्रभावकारिता ल्याउन, महानगरपालिकाको आगामी दिनमा नीति, बजेट तथा योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन मूल्यांकन कार्यमा सुधार ल्याउन पृष्ठपोषण दिने सन्दर्भ सामग्रीको रूपमा लिन र महानगरपालिकाको अवस्था वुझ्न तथा स्वअध्ययनका

लागि समेत उपयोगी हुने अपेक्षा सहित काठमाडौं महानगरपालिकाले आर्थिक वर्ष २०८२/८३ को एकीकृत वार्षिक प्रगति प्रतिवेदन तयार तथा प्रकाशन गरिएको हो ।